# सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपालद्वारा जारी प्रेश विज्ञप्ति

## १. आयोगको गठन

नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्न बेपत्ता पारिएका व्यक्तिहरुको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन,२०७१ बमोजिम मन्त्रिपरिषदबाट वि. सं. २०७१ माघ २७ गते सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन भएको हो ।

आयोगको कार्याविधि मिती २०७३/१०/२६ गते समाप्त हुने भएकोले बेपत्ता पारिएका व्यक्तिहरुको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३८ (२) बमोजिम कार्यावधि थप गर्न आयोगले नेपाल सरकार समक्ष अनुरोध गरे बमोजिम मिती २०७३/१०/२७ को मन्त्रिपरिषदको निर्णयबाट १ वर्ष आयोगको कार्यावधि थप भई आएको छ । जस अनुसार आयोगको कार्यावधि २०७४ माघ २६ गते सम्म रहेको छ ।

## २. आयोगले हालसम्म सम्पन्न गरेका कार्यहरु

### क. आयोगको भौतिक तथा प्रशासनिक पक्षहरु

आयोग गठन पश्चात काठमाण्डौको ववरमहलमा अवस्थित नेपाल औषधी लिमिटेडको भवन तथा गोदाम घर भाडामा लिई सम्पूर्ण रुपमा मर्मत गरी कार्यालय स्थापना गरि आयोगलाई आवश्यक पर्ने भौतिक संरचना स्थापना गरेको ।सँक्रमणकालिन आयोगहरु पीडितमैत्री हुनुपर्ने भएकाले सबैको सहज पहँच स्थापनाका लागि यस आयोगलाई सिंहदरबार भित्र नराखि बबरमहल क्षेत्रमा स्थापना गरिएको हो । आयोगमा परेका उजुरी, आयोगका पदाधिकारी एवं कर्मचारी, पीडित तथा कार्यालयको भौतिक सुरक्षाका लागि आवश्यक व्यवस्थापन गरिएको छ ।

आयोगमा नेपाल सरकारको विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा रहेको सचिवालयमा १०० जना कर्मचारीको दरवन्दी स्विकृत भएको छ । जसमा हाल ६६ जना कर्मचारी कार्यरत छन् ।

### ख. आयोगमा प्राप्त उजुरी तथा त्यसको व्यवस्थापन

आयोग गठन पश्चात आयोगका अध्यक्ष एवम् सदस्यहरुले देशका द्वन्द्व प्रभावित ७१ जिल्लाको स्थलगत भ्रमण गरी तत्कालिन द्धन्दको वस्तुस्थितिको अध्ययन गर्नुका साथै पीडित तथा सरोकारवालाहरुसँग

छलफल र अन्तरक्रिया गरी आयोगको क्षेत्राधिकारबारे जानकारी गराउदै विश्वासको वातावरण बनाउने काम भएको थियो । सत्य निरुपण तथा मेलमिलाप आयोगको नियमावली, २०७२ जारी भए पश्चात सार्वजनिक सुचनाको माध्यमबाट उजुरी आव्हान गरिएको थियो । आयोगको कार्यालय बबरमहल, स्थानीय शान्ति समितिका कर्मचारी समक्ष र टेलिफोन वा विद्युतीय माध्यमवाट समेत उजुरी दिन सकिने गरी मिति २०७३।१।५ देखि मिति २०७३।४।२६ सम्म विभिन्न चरणमा उजुरी संकलन गरियो । पीडितहरुको गोपनियता एवं भौतिक सुरक्षाको दृष्टिकोणबाट कतिपय जिल्लामा आयोगबाटै कर्मचारी खटाई पनि उजुरी संकलन गरिएको थियो । पीडितहरुबाट स्वतस्फुर्त रुपमा भयरहित वातावरणमा उजुरी दिने अवस्थाको सुनिश्चितता गर्न आयोग पदाधिकारीहरुबाट उजुरी संकलन कार्यको अनुगमन एवं आवश्यक निर्देशन भएको थियो । पहिलो चरणमा पीडितहरुबाट उत्साहजनक रुपमा ५८,०५२ सँख्यामा उजुरीहरु प्राप्त भएको थियो । यसै गरि मिती २०७४ असार २३ गते सार्वजनिक सूचनामार्फत छुट उजुरी आह्वान गरी २०७४ असार २५ गतेदेखि २०७४ साउन २४ गतेसम्म छुट उजुरी संकलन कार्य गरेकोमा सो समयमा गरी हाल आयोगमा कुल **६१,६१५** थान उजुरी रहेका छन् । यसका साथै आयोगद्वारा निर्धारित समयावधि नाघि हालसम्म कुल १,२६३ थान छुट उजुरी प्राप्त भएको र हालसम्म पनि छुट उजुरी प्राप्त हुने क्रम जारी रहेको छ ।

आयोगमा प्राप्त भइ दर्ता भएका उजुरीहरुलाई फाईलिङ्ग गर्ने, सफ्टवेयरमा प्रविष्ट गर्ने, क्रम संख्याको आधारमा प्रत्येक १०० उजुरीको एक पोका बनाई व्यवस्थित रुपमा अभिलेखिकरण गरिएको छ । अभिलेखिकरण गर्दा गोपनीयता कायम राखि छानविनमा प्राथमिकता दिनु पर्ने/नपर्ने आदि आधारमा वर्गीकरण गर्ने र एउटै घटनाको सम्बन्धमा फरक फरक उजुरी परे/नपरेको यकिन गरी एउटै घटना सम्बन्धी बिभिन्न उजुरीहरुलाई एउटै दर्ता नम्बर कायम गरी सवै उजुरीहरुलाई एउटै फाईलमा रहने व्यवस्था सहित एकीकृत दर्ता किताब खडा गरिएको छ। आयोगमा परेका उजुरीहरु सरल, सहज र छिटो छरितो रुपमा व्यवस्थापन गर्ने कामका लागी छुट्टै उजुरी व्यवस्थापन सफ्टवेयर जडान गरी व्यवस्थित गरीएको छ ।

सशस्त्र द्वन्द्वसँग सम्बन्धित उजुरीहरुको सन्दर्भमा कार्यक्षेत्रका आधारमा सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तीको छानविन आयोगबिच निरन्तर समन्वय र सहकार्य हुँदै आइरहेको छ । दुई आयोगबिच हालसम्म निम्न बमोजिमको संख्यामा उजुरी फाइल आदान प्रदान भएको छ ।

| **दुई आयोगबिच उजुरी आदानप्रदान** | | |
|---|---|---|
| वेपत्ता पारिएका व्यक्तीको छानविन आयोगमा पठाइएको उजुरी संख्या | वेपत्ता पारिएका व्यक्तीको छानविन आयोगबाट प्राप्त उजुरी संख्या | कैफियत |
| ११७ (११ थान प्रतिलिपी सहित) | ४१६ | वेपत्ता पारिएका व्यक्तीको छानविन आयोगबाट २६ थान (२ थान प्रतिलिपि सहित) फिर्ता भई आएको |

वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरीलाई पीडितबाट सनाखत तथा घटनाबारे यथार्थ बुझेर मात्र निष्कर्षमा पुग्ने सत्य निरुपण तथा मेलमिलाप आयोगले निर्णय गरेको छ ।

## ग. नेपाल सरकार समक्ष अन्तरिम प्रतिवेदन प्रस्तुत

आयोगका पदाधिकारीहरुको जिल्ला भ्रमणको क्रममा पीडित र अन्य सरोकारवालाहरुले दिएको सुझाव र आयोगले पहिचान गरेको आवश्यकताका आधारमा देहाय बमोजिम मुख्य विषयहरु समेटीएको आयोगको अन्तरिम प्रतिवेदन तयारगरी त्यसको कार्यान्वयनको लागि सिफारिशसहित मिति २०७२।१०।२४ गते नेपाल सरकार समक्ष पेश गरिएको थियो।

- ऐनमा संशोधन हुनु पर्ने ।
- आयोगलाई सहयोग गर्न सम्बन्धित निकायलाई निर्देशन दिनु पर्ने ।
- आयोगलाई खर्चको अख्तियारी दिनु पर्ने ।
- वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई थप आर्थिक सहयोग प्रदान गरी द्वन्द्वपीडित घाइतेको उपचार केन्द्रको रुपमा विकास गर्नु पर्ने ।
- छात्रवृतिलाई तीन सन्तान र १८ वर्ष उमेर हदमा सिमित नगरी उच्च शिक्षासम्म विस्तार गर्नु पर्ने ।
- मनो-सामाजिक परामर्श सम्बन्धी तालिमको व्यवस्था – स्वास्थ्य प्राविधिकलाई
- १० लाख राहत मध्ये बाँकी एकमुष्ट उपलब्ध गराउनु पर्ने ।
- पीडितहरु राहतबाट वंचित रहेको र नक्कली पीडित र त्यस्तो सिफारिस गर्नेलाई कारवाही हुनु पर्ने।
- पाँचौ कार्यदलको प्रतिवेदन कार्यान्वयन गरिनु पर्ने ।
- द्वन्द्वपीडितले राहत र सुविधा लिन पाउने एकद्वार प्रणाली लागू गर्नु पर्ने ।
- सम्पत्ति कब्जा, नष्ट र विस्थापित पीडितलाई राहत उपलब्ध गराउनु पर्ने ।
- गैर न्यायिक हिरासत र यातना पीडितलाई राहत उपलब्ध गराउनु पर्ने ।

## घ. मुकाम कार्यालयको स्थापना

उजुरी छानविनलाई छिटो छरितो र पीडितमैत्री बनाउन तत्कालका लागि ७ प्रदेशमा उच्च अदालत रहेको स्थानमा आयोगको मुकाम स्थापना गर्न आवश्यक पर्ने भवन र विज्ञ लगायतका जनशक्तिको उपलब्धता तथा उजुरी छानविनको क्रममा मुकाममा आउने पीडित, साक्षी र अन्य व्यक्तिको वसोवासको प्रवन्ध र मुकाम लगायत उजुरी छानविनको कार्यमा संलग्न व्यक्तिको सुरक्षाको प्रवन्ध, उजुरी छानविनको क्रममा आउनसक्ने संभावित जटिलता र समाधानका लागि अपनाउनु पर्नेपूर्व तयारीको बारेमा अध्ययन गरी सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम २३ ले दिएको अधिकार प्रयोग गरी उजुरी छानविन गर्नको निमित्त आयोगले सात प्रदेशका विराटनगर, जनकपुर,

जावलाखेल, पोखरा, तुल्सीपुर, सुर्खेत र दिपायलमा प्रादेशिक मुकाम कार्यालय खोलि उजुरी छानविनको कामलाई अघि वढाएकोछ । आयोगको विभिन्न बैठकको निर्णयले सूचिकृत नामावली मध्येबाट आयोगले तोके बमोजिमको योग्यता पुगेका व्यक्तिहरुलाई सात प्रदेशमा रहेका मुकाम कार्यालयमा रहि उजुरी छानविन गर्ने सम्बन्धमा प्रत्येक मुकाममा उच्च सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता वा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने अधिकृतको संयोजकत्वमा एक जना महिला सहित रहने गरी ३ सदस्यीय विज्ञ टोलीलाई अनुसन्धान अधिकारी नियुक्त गरिएको छ । यसरी नियुक्त भएका विज्ञहरुलाई उजुरीको दर्ता, वर्गीकरण एवं उजुरी छानविन गर्ने तरिका लगायत अनुसन्धान प्रक्रियाहरुको विषयहरुमा स्पष्ट रुपमा अधिकार तथा कायदिश प्रत्यायोजन समेत गरिएको छ । उजुरीको छानविनमा सहयोग गर्न स्थानिय सरकारी कार्यालयवाट उपलव्ध हुने गरि प्रत्येक मुकाममा ९ जनाको दरवन्दी रहेको छ । त्यसैगरी मुकामबाट हुने उजुरी छानविन प्रकियामा आयोगको आवश्यकता अनुसार स्थानीय शान्ती समितिमा कार्यरत कर्मचारीहरुको समेत सहयोग लिइएको छ ।

मुकाम स्तरबाट उजुरी छानविन गर्न अनुसन्धान अधिकारीलाई हाल आयोगमा रहेका उजुरीहरु मध्ये सम्बन्धित प्रदेश अन्तर्गत पर्ने सबै जिल्लाहरुलाई समेट्ने गरी दर्ता नम्वरका आधारमा प्रत्येक मुकाममा १०००/१००० थानका दरले उजुरीहरु छानविनका लागि पठाइएको छ । उक्त उजुरीहरु मध्ये आयोगका मुकाम कार्यालयहरुबाट प्रारम्भिक छानविन सम्पन्न भई राय प्रतिवेदनसहित हालसम्म तपशिल बमोजिमको संख्यामा उजुरी आयोगमा प्राप्त भएको छ ।

| **मुकामबाट प्रारम्भिक छानविन सम्पन्न भई सिफारिशसहित प्राप्त उजुरीहरुको विवरण** | | | | | | |
|---|---|---|---|---|---|---|
| मुकाम | प्रदेश १, विराटनगर | प्रदेश २, जनकपुर | प्रदेश ३, जावलाखेल | प्रदेश ४, पोखरा | प्रदेश ५, तुल्सीपुर | प्रदेश ६ सुर्खेत |
| सँख्या | ३३५ | २२६ | ८८ | २७७ | १८३ | १९१ |
| **कुल** | **१३०० थान** | | | | | |

## ३. आयोगले समयसीमा भित्र कार्य सम्पन्न गर्न नसक्नुको कारण

तोकीएको समय भित्र आयोगले आफ्नो जिम्मेवारी पुरा गर्न नसक्नुका कारणहरु निम्नानुसार रहेका छन् :

क. आयोग गठन लगत्तै आएको २०७२ को विनाशकारी भूकम्प र आयोगको कार्यालय व्यवस्थापन लगायतका विविध अवरोधका कारण आयोगको दैनिक कार्यसंचालनमा समेत कठिनाई उत्पन्न हुनु,

ख. सत्यनिरुपण तथा मेलमिलाप आयोग नियमावली आयोग गठन भएको १३ महिना पछि (२०७२।११।३० मा) मात्र जारी भएकोले आयोग गठन भएको एक बर्ष भन्दा बढि अवधिसम्म पनि आयोगले उजुरी संकलन लगायतका प्रारम्भिक कार्य समेत गर्न नसक्नु,

ग. नियमावली जारी भए पछि जिल्ला जिल्लामा पीडितको उजुरी संकलन गर्ने, जिल्लामा संकलन भएका उजुरीलाई हुलाक मार्फत आयोगको कार्यालय सम्म ल्याउने र आयोगमा प्राप्त भएका करिब ६० हजार उजुरीलाई फाईलिङ गर्ने, अभिलेखिकरण गर्ने, क्षेत्रगत र विषयगत रुपमा वर्गिकरण गर्ने जस्ता छानविन पूर्वका कार्यमा अधिक समय खर्च हुनु,

घ. आयोगको माग अनुसार समयमै बजेट लगायतका आवश्यक स्रोतसाधन उपलब्ध नहुँदा आयोगको कार्य योजना पटक पटक फेर बदल गर्नु पर्ने अवस्था निम्तिनु,

ङ. उजुरीहरुको फाइलिङ्ग, अभिलेखिकरण र बर्गीकरण गर्ने लगायतका आयोगको सचिवालयबाट सम्पादन गर्नु पर्ने अन्य कामको लागि आयोगमा प्राप्त उजुरीको अनुपातमा कर्मचारीको संख्या न्यून हुनु । आयोगको सचिवालयमा कुल १०० जना कर्मचारीको दरबन्दी स्वीकृत रहेपनि हाल केवल ६६ दरबन्दी मात्र पुर्ति हुनु । साथै प्रत्येक मुकाम कार्यालयमा स्वीकृत दरबन्दी बमोजिमको कर्मचारी उपलब्ध नहुनु,

च. संक्रमणकालीन न्याय निरुपण नेपालको लागि नौलो कार्य प्रकृति भएकाले यस सम्बन्धी विषयगत दक्ष जनशक्तिको अभाव, तालीम/प्रशिक्षणको अवसरको कमी, ७४ जिल्लाको उजुरी छानविन केन्द्र वा सीमित ठाउँबाट गर्न कठिनाई, राजनीतिक प्रतिबद्धता अनुरुप काम हुन नसक्नु, आयोगको आन्तरिक कमी कमजोरी लगायत विभिन्न समस्याका बिच अन्तराष्ट्रिय मापदण्ड अनुकूलको कार्य सम्पादन गर्नुपर्ने चुनौती आदि कारणहरुले पनि यस आयोगले समयमा तोकिएको कार्य सम्पन्न गर्न नसकेको ।

## ४. आयोगको लक्ष्य प्राप्तिका लागि अपेक्षित आवश्यकता

आयोगको अपेक्षित लक्ष्य प्राप्तिका लागि तत्कालीन आवश्यकता निम्न बमोजिम छन्;

क. आयोगले विद्यमान बेपत्ता पारिएको व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा संशोधन गर्नका लागि नेपाल सरकार समक्ष प्रस्तुत गरेको ८ बुँदे सुझाव अनुरुप ऐन संशोधन हुन पर्ने तथा सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ समेत संशोधन हुनुपर्ने,

ख. विधमान सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १२ मा आयोगलाई प्राप्त भएको रकम आयोगले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्ने तथा आयोगको सम्पूर्ण खर्च सोही रकमबाट ब्यहोरिने व्यवस्था गरिएको भए तापनि हालसम्म व्यवहारमा लागु हुन नसकेको, आयोगको कामकारवाहीका क्रममा आवश्यक पर्ने बजेट तथा हुने खर्चका लागि पटक पटक अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने जस्ता कारण आयोगको कामकारवाही प्रभावकारी हुन नसकेको हुँदा पूर्णरुपमा आर्थिक स्वायत्तता र माग भए बमोजिम बजेटको व्यवस्था हुनुपर्ने,

ग. आयोगलाई आवश्यक थप कर्मचारीको व्यवस्थाका लागि नेपाल सरकार समक्ष पटक पटक अनुरोध गर्दा समेत आवश्यकता बमोजिमको संख्यामा कर्मचारी उपलब्ध हुन नसक्दा आयोगले आफ्नो काम कारवाही प्रभावकारी रुपमा सञ्चालन गर्न नसकेकोले आयोगले आवश्यकता अनुसार करारमा कर्मचारी नियुक्त गर्न पाउनुपर्ने,

घ. उजुरीको संख्या र छानविन तथा अनुसन्धान गर्दा लाग्ने समय, जनशक्ति समेतलाई विचार गरी पर्याप्त थप मुकाम वा अनुसन्धान टोलीको व्यवस्था गरेर मात्र छानविन कार्य पुरा हुने हुँदा श्रोत साधन तथा जनशक्ति पर्याप्त हुने गरी बजेट उपलब्ध हुनुपर्ने ।

२०६८/१०/२६

**सूर्यवंश शर्मा कँडेल**
सूचना अधिकारी
सत्य निरुपण तथा मेलमिलाप आयोग
बबरमहल, काठमाण्डौं, नेपाल